नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु. ०७६/०७७-८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३४३६

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७६/१२/१७

विषयः- कार्यविधि पठाईएको बारे ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

अत्यन्त जरुरी

प्रस्तुत विषयमा "अत्यावश्यक सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमतिपत्र सम्बन्धी कार्यविधि, २०७६" पाना ४ (चार) यसै पत्रसाथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रतिक राई)
शाखा अधिकृत

अवगतार्थ
माननीय गृह मन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय
श्रीमान सचिवज्यूको सचिवालय, गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

# अत्यावश्यक सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमतिपत्र सम्बन्धी कार्यविधि, २०७६

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ नामक भाइरसबाट सुरक्षित हुन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।१२।०९ को निर्णय बमोजिम संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार मिति २०७६।१२।११ गते बिहान ६ बजेदेखि लागू हुने गरी जारी गरिएको आदेशलाई कार्यान्वयन गर्ने उदेश्यले अत्यावश्यक सेवा सञ्चालनका लागि सवारी साधनको आवागमनलाई सरल र सहज बनाउने गरी सवारी साधनको अनुमतिपत्रलाई व्यवस्थित बनाउन यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।१२।०९ को निर्णयालाई प्रभावकारी तथा व्यवस्थित रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले नेपाल सरकार गृह मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम** "अत्यावश्यक सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमतीपत्र सम्बन्धी कार्यविधि २०७६" रहेको छ । यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अत्यावश्यक सेवा भन्नाले" दफा ३ बमोजिमका सेवा सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले जिल्ला प्रशासन कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "विषयगत निकाय" भन्नाले सम्बन्धित विषयको नियमन, अनुगमन तथा व्यवस्थापन गर्ने विषयगत मन्त्रालय/विभाग/ कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "अवधि" भन्नाले तोकिए बमोजिमको अवधिलाई सम्झनु पर्दछ ।

३. **अत्यावश्यक सेवा भन्नाले देहाय बमोजिमका सेवालाई जनाउँछः**

(क) औषधि, उपकरण र उपचारका सामाग्री, उत्पादन, विक्री बितरण तथा ढुवानी सेवाहरु

(ख) औषधि, खाद्यवस्तु , पानी, दुध फलफूल, तरकारी, पशुपन्छी र माछाको दाना, कुखुराका चल्ला ढुवानी गर्ने र फर्केर जाने सवारी साधनलाई सुचारु गर्ने सेवाहरु।

(ग) औषधि उत्पादन, ग्याँस बोटलिङ्गजस्ता कार्यमा संलग्न हुने श्रमिकहरुलाई कार्यस्थलसम्म आउन जानका लागि प्रयोग हुने सवारी साधन सम्बन्धी सेवाहरु ।

(घ) ठूला खाद्य स्टोर तथा पसलहरुले आवश्यक खाद्यवस्तुहरु होम डेलिभरी गर्ने सेवाहरु ।

(ङ) अत्यावश्यक वैंकिङ्ग सेवाहरु ।

(च) दुरसंचार सेवाहरु ।

(छ) फोहोरमैलाको संकलन, ढुवानी, प्रशोधन, विसर्जन आदि सेवाहरु ।

(ज) विद्युत सेवा ।

(झ) अन्य उद्धार तथा मानवीय सेवाहरु ।

४. **सवारी साधन अनुमतिपत्र आवश्यक पर्नेः** (१) दफा (३) बमोजिम अत्यावश्यक सेवा सञ्चालनका लागि सवारी साधन अनुमति पत्र उपलब्ध गराउँदा सम्बन्धित विभाग/कार्यालय/निकाय ले नामावली संकलन गरी सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ । उक्त सिफारिसका आधारमा कार्यालयले आवश्यकता अनुसार सवारी साधन अनुमति पत्र जारी गरी सम्बन्धित व्यक्ति/निकाय/ कार्यालय/ विभागमा बितरणका लागि उपलब्ध गराउने छ ।

(२) सिंहदरबार भित्र कार्यरत कर्मचारी तथा मन्त्रालयमा संचालन हुने सवारी साधनको हकमा सम्बन्धित मन्त्रालयको सिफारिसका आधारमा कार्यालयबाट सवारी साधन अनुमति पत्र जारी गरी वितरणका लागि सम्बन्धित मन्त्रालयमा उपलब्ध गराउने ।

(३) प्रदेश मन्त्रालय तथा प्रदेश सचिवालयमा कार्यरत कर्मचारी तथा प्रयोग हुने सवारी साधनको हकमा सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिसका आधारमा कार्यालयबाट सवारी साधन अनुमतिपत्र जारी गरी वितरणका लागि सम्बन्धित मन्त्रालयमा उपलब्ध गराउने ।

४) अत्यावश्यक वस्तु तथा सेवाको भन्सार क्लियरेन्सका लागि सम्बन्धित भन्सार कार्यालयको सिफारिसका आधारमा भन्सार एजेन्ट/कर्मचारी/ आपूर्तिकर्ता ले प्रयोग गर्ने गरी सवारी साधन अनुमतिपत्र कार्यालयले उपलब्ध गराउनेछ ।

५) स्वास्थ्य सेवा, विवरण संकलन तथा राहत बितरणमा संलग्न स्थानीय तहका जनप्रतिनिधिहरुलाई सम्बन्धित पालिकाको सिफारिसका आधारमा कार्यालयले सवारी साधन अनुमतिपत्र उपलब्ध गराउनेछ ।

६) अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन बिक्रि बितरण तथा भण्डारणमा कार्यरत कामदार कर्मचारीलाई सम्बन्धित प्रतिष्ठानले सवारी साधन उपलब्ध गराउनुपर्नेछ । प्रतिष्ठानको सिफारिसका आधारमा कार्यालयले अनुमतिपत्र उपलब्ध गराउनेछ ।

७) बिरामी/सुत्केरी लाई अस्पताल लैजांदा र फर्काउंदा, मृतकको हकमा दाहसंस्कारको लागि घाटसम्म लैजांदा, साथै अन्य मानवीय उद्दारका कार्यमा आवश्यकता र औचित्यता समेत विचार गरी कार्यालयले सवारी साधन अनुमतिपत्र उपलब्ध गराउनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय

५. **सवारी साधन अनुमतीपत्र आवश्यक नपर्नेः** (१) देहायका सवारी साधन तथा व्यक्तिहरुलाई आवागमन गर्दा अनुमतिपत्र आवश्यक नपर्ने ।

क. एम्बुलेन्स, शवबहान, दमकल ।

ख. झण्डावाल सवारी ।

ग. कूटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरु ।

घ. प्रेस काउन्सिलबाट जारी भएको प्रेस पास प्राप्त सञ्चारकर्मीहरु ।

ङ. स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फार्मासिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधि उत्पादन ढुवानी र बिक्रिबितरणमा संलग्न हुने जनशक्तिहरु ।

च. खानेपानीको मर्मत सम्भार र बितरणमा संलग्न जनशक्ति ।

छ. फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति ।

ज. ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति ।

झ. अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधनहरु ।

(२) उपदफा (१) बमोजिमका सवारी साधन प्रयोगकर्तासिंग अनिवार्य रुपमा सम्बन्धित निकायबाट जारी गरिएको आफ्नो कर्मचारी परिचयपत्र साथमा हुनुपर्नेछ ।

६. **सवारी साधन अनुमति अवधिः** कार्यालयले आवश्यकता तथा औचित्यता समेतलाई बिचार गरी सवारी साधन अनुमतिपत्र उपलब्ध गराउन सक्ने छ ।

७. **सवारी साधन अनुमतिपत्र उपलब्ध गराउने आधारहरु देहाय बमोजिम हुनेछनः**

क) रातो मसीले दस्तखत गरेको हुनुपर्ने ।

ख) सवारी साधन अनुमतिको सिरियल नम्बर उल्लेख भएको हुनुपर्ने ।

ग) जारी भएका सवारी साधन अनुमति अभिलेखमा जनाउनु पर्ने ।

घ) दस्तखत गर्नेको नाम र पद स्पष्ट खुलेको हुनुपर्ने ।

ङ) जिल्ला स्थित सुरक्षाकर्मीलाई जारी भएका सवारी साधन अनुमतिको विवरण उपलब्ध गराउने ।

च) **सम्भव भए सम्म विषय अनुसार अलग अलग रङ्गका सवारी साधन अनुमतिपत्र जारी गर्ने ।**

९. **अनुगमन तथा निरीक्षण गर्नेः**

क) सवारी साधन अनुमति पत्र अनुमति बमोजिम संचालन भए नभएको सम्बन्धमा कार्यालयले टोली बनाई समय समयमा अनुगमन गर्ने/गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय

ख) उद्देश्य विपरित सवारी साधन संचालन भएको पाइएमा सवारी अनुमति पत्र रद्ध गरी प्रचलित कानून बमोजिम कारवाही गर्ने ।